अनुसूची — १

( दफा ४ तथा अनुसूची १ को भाग — २ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:-६ संख्या:- १ मिति:- २०८१/०३/०९

भाग — २

रघुगंगा गाउँपालिका

## रघुगंगा गाउँपालिकाको ५वर्षे रोजगार रणनीति

(आ.व २०८०/०८१ — २०८४/०८५ सम्मा)

# रघुगंगा गाउँपालिकाको ५ वर्षिय रोजगार रणनीति योजना

## (आ.व.२०८०/०८१-२०८४/०८५)

कार्यपालिकाबाट स्विकृत मितिः- २०८१/०३/०९
प्रमाणिकरण मितिः-२०८१/०३/०९

## खण्ड-१ रणनैतिक सन्दर्भ (**Strategic Context)**

### १.पृष्ठभूमि

रघुगंगा गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनीकरण गर्न नेपालको संवैधानिक र कानूनी व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई रोजगारीको हकको सुनिश्चितताले नागरिकलाई स्वदेशमै रोजगारीमा संलग्न गराउन संघिय लोकतान्त्रिक व्यवस्था अन्तर्गतका सरकारहरु रोजगार तर्फ केन्द्रित रहेका छन् ।आर्थिक वृद्धि र गरिबी न्युनिकरणको आधार नै उत्पादनशिल रोजगारी रहेको छ।नागरिकको न्यूनतम रोजगारीको हकलाई सुनिश्चित गर्न, उत्पादनशिल रोजगारी र विकासका पूर्वाधारका क्षेत्रमा नेपालको श्रम शक्तिलाई प्रतिस्पर्धी एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल बनाई रोजगारीको हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न स्थानीय तहमा रहेको श्रोत साधन प्रयोग गरी रोजगारीका राष्ट्रिय प्राथमिकता र दिर्घकालीन दृष्टिकोण प्राप्तिमा केन्द्रित हुनु पर्ने अवस्था रहेको छ । रोजगारीलाई संवैधानिक व्यवस्था, कानुनी प्रावधान तथा संघ, प्रदेश र स्थानीय तहले तर्जूमा गरेका रोजगारी सम्बन्धि नीति, नियम, कार्यविधिलाई आम नागरिकको जिवनमा रुपान्तरण ल्याउन रघुगंगा गाउँपालिकामा रोजगार रणनीति आवश्यक परेको छ।स्रोत साधनको समुचित उपयोग मार्फत रघुगंगा गाउँपालिकामा आन्तरिक रोजगारी सिर्जना गर्न सहयोग पुग्ने छ, जसबाट न्यूनतम रोजगारीका कार्यक्रम, उद्यमशिलता तालिम, व्यवसायिक सिप विकास र सिपयुक्त जनशक्ति परिचालन गर्ने वस्तुगत आधार प्रदान गर्ने छ ।

राष्ट्रिय रोजगार नीति २०७१ ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिस्पर्धी बनाउदै श्रम बजारको माध्यमबाट उत्पादनशिल,मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशिल बनाई गरिबी निवारणमा योगदान पुर्याउनु नीतिको दूरदृष्टि रहेको छ उक्त दूरदृष्टि बमोजिम प्रमुख उद्देश्यहरु र बिषय बस्तुलाई आत्मसाथ गरी रघुगंगा गाउँपालिकामा आगामी ५ वर्षे रोजगार रणनीतिले मार्गदर्शन गरेको हुनेछ ।

## कृषि क्षेत्रमा दिगो उत्पादनशिल रोजगारी

- सिचाई कुलो, कृषि सामाग्री, आधुनिक प्रविधि, मल र बजारीकरणमा समन्वय गरी न्यूनतम रोजगारीको सुनिश्चित गर्न कृषिमा दिगो उत्पादनशील रोजगारीलाई जोड दिइने छ । यसका लागि गाउँपालिकाको कृषि भू-योग्य जमिनको उपयोग, उत्पादन र बजारीकरणमा १०० दिनको रोजगारी प्राप्तिको वातावरण तयार गरी श्रमिक समूह बनाई १०० दिनमा उत्पादन गर्न सक्ने मौसमी तरकारी, प्रमुख अन्नबाली, नगदे बाली उत्पादन हुने क्षेत्र पहिचान गरी रोजगारी सृजनामा जोड दिइने छ ।

## व्यवसायिक सिप विकास र तालिम

- सबै इच्छुक नागरिकलाई आवश्यक सीपमा अभिवृद्धि गरी आन्तरिक रोजगारीको माग र आपूर्तिमा अन्तर सम्बन्ध कायम गरी आवश्यक पर्ने दक्ष जनशक्ति तयारी र उपयोग गरी आन्तरिक रोजगारी र वैंदेशिक रोजगारी मार्फत नागरिकको जिवनस्तरमा सुधार ल्याउने ।
- अनौपचारीक क्षेत्रमा सीप सिकेकालाई सीपको पहिचान गरी सीपयुक्त प्रमाणपत्रका लागि सम्बन्धि निकायसँग समन्वयन गरीने छ ।
- बजारको माग र जनशक्ति आपूर्तिमा आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने सिप विकासका कार्यक्रम संचालनमा ल्याइने छ ।

## निर्माण क्षेत्र

- पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सो सम्बन्धमा आवश्यक तालिम दिई जनशक्ति उपलब्ध हुने वातावरण बनाइने छ ।
- सामुदायिक विकास आयोजनामा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रम तर्जुमा गरीने छ ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न श्रमिकको आयश्रोत र गुणस्तरमा सुधार हुने वातावरण तयार गरीने छ ।

श्रम तथा रोजगारीका गतिविधिमा रघुगंगा गाउँपालिकाको सामाजिक र आर्थिक उन्नतीमा सकारात्मक प्रभाव पर्न गई दिगो आर्थिक विकासमा सघाउ र रोजगारीको सुनिश्चिताका साथै सामाजिक र आर्थिक विकासमा सहयोग पुग्न सक्ने,

- श्रमको सम्मान राष्ट्रको अभियान नारालाई जनस्तरमा सकारात्मक विकास गरी आम्दानी हुने कार्य गर्न उत्प्रेरित हुने ।
- आन्तरीक रोजगारी मार्फत नागरिकको जिवनस्तरमा सुधार ल्याउने ।
- गाँउघरमै न्यूनतम रोजगारी पाएमा जिवनयापन गर्न विदेशमै जानुपर्ने अवस्थामा सुधार आउने।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिलाई उपयुक्त सिप उपलब्ध गराएमा वैदेशिक रोजगारीबाट राम्रो पारिश्रमिक पाउने हुँदा जिवनयापनमा सहजता आउने ।
- रोजगारीलाई उत्पादनमा केन्द्रित हुने योजना बनाइने छ र उत्पादन भएका बस्तुको बजारीकरण र व्यवस्थापनमा थप रोजगारी सृजना गर्न विशेष पहल गरिने ।
- विकासका पूर्वाधारमा दक्ष र सिपमूलक जनशक्ति प्रयोग गर्दा दैनिक ज्यालादरमा वृद्धि हुने हुदाँ दैनिक जिवन यापनमा मद्दत पुग्ने ।
- विपन्न,न्यून आय श्रोत भएका व्यक्तिलाई पहिलो प्राथमिकतामा रही अवसर पाउने हुँदा सामाजिक रुपमा उच्च सम्मान हुने ।

## विद्यमान नितिगत तथा कानुनी व्यवस्था

- संविधानको धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ ।
- धारा ३३ मा प्रत्येक नागरिकलाई छनौटको अवसर सहितको रोजगारीको हक हुने कुरा उल्लेख गरिएको छ ।
- धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक, उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- धारा ४३ मा सामाजिक सुरक्षाको हकमा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुने उल्लेख गरिएको छ ।
- संविधानको धारा ५१(झ) मा श्रम तथा रोजगार सम्बन्धि नीतिले सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रुपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यवसायिक बनाउने र स्वदेशमै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै व्यवस्थापनमा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट

आर्जन भएको पूँजी, सिप, प्रविधि, अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ ।

- नेपालको संविधानको धारा ५१(ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा राज्यले असहाय अवस्थामा रहेका एकल महिलालाई सिप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने, सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र, समुदाय, भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने व्यवस्था रहेको छ ।

## कानूनी तथा नीतिगत व्यवस्था

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५ नियमावली २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
- राष्ट्रिय रोजगार नीति २०७१
- श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि रणनीति, २०७८
- एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
- श्रम मन्त्रालयको ५ वर्षे रोजगार रणनीति योजना
- १६ औ पञ्चवर्षिय योजना
- सरकारका नीति तथा कार्यक्रम

## २. रोजगार रणनीतिको आवश्यकता / औचित्य

रघुगंगा गाउँपालिकामा बढ्दो बेरोजगारीको समस्यालाई समाधानका लागि आन्तरिक रोजगारीको सिर्जना गरी बाध्यात्मक वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने तथा रोजगारीका पर्याप्त अवसर सिर्जना नहुँदा वर्षेनी ठूलो संख्यामा युवाशक्ति रोजगारीका लागि विदेशिनु पर्ने अवस्थालाई ध्यानमा राखि संविधानमै रोजगारीको हकको व्यवस्था राखि त्यसलाई कार्यान्वयन गर्ने विभिन्न नीति, ऐन र कानूनहरु कार्यान्वयनमा रहेका छन्। संविधान, ऐन तथा कानूनले निर्दिष्ट गरेका व्यवस्थालाई नागरिकको जिवनस्तरमा सुधार गर्न तय गरिएका कार्यक्रमहरु अपेक्षित रुपमा प्रभावकारी भएको पाइदैन । गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस स्थानीय तहमा पनि विगत ५ वर्ष देखि कार्यान्वयनमा रहेको छ । त्यस्तै रोजगारी सिर्जना हुने अन्य कार्यक्रमहरु पनि रहेका छन् । तर स्थानीय तहमा स्रोत साधनलाई एकीकृत गरी परिचालन गरिएमा नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न मद्दत पुग्ने हुनाले रणनीति आवश्यक हुन पुगेको छ ।

**संचालनमा रहेका कार्यक्रमको उपलब्धिको अवस्थाः-** प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ मा २९२४ दिनको रोजगारी सहित १९८ जना, २०७६ मा बढीमा १५४१ दिनको रोजगारी सहित २१७ जना, २०७७ मा १३,९७८ दिनको रोजगार सहित २४० जना, २०७८ मा २६२ जनाको १७,०४२ दिन र २०७९ मा ७९ जनालाई ७,५१९ दिनको न्यूनतम रोजगारी यस गाउँपालिका भित्र गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार, मोटर बाटोसोलिङ्ग, सिचाइँ कुलो, घेराबार, पर्खाल सामुदायिक विकासमा रहेर न्यूनतम रोजगारीको सुनिश्चित गर्न निकै चुनौति रहेको छ । सबैलाई रोजगारीमा संलग्न गराउन सकिएको अवस्था छैन । रोजगारीका क्षेत्रमा आवश्यक श्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारीमा संलग्न गराउन तथा हाल संचालनमा रहेका रोजगार सम्बन्धि कानूनी प्रावधानले तय गरेका दिर्घकालीन उद्देश्य पुरा गर्न, स्थानिय तहको श्रोत साधन प्रयोग गरी धेरै नागरिकलाई रोजगारी तथा स्वरोजगार कार्यक्रममा संलग्न गराई श्रम तथा रोजगार क्षेत्रका दिर्घकालिन सोच सहितको रणनीति तय गर्न आवश्यक देखिएको तथा तीनै वटै तहबाट प्राप्त श्रोत साधनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै उत्पादनशिल रोजगारीको विकास र उपयोग गर्न यो रणनीति योजना तयार गरिएको हो । प्रस्तुत सन्दर्भमा यस रणनीतिक योजनाको आवश्यकता र औचित्य देहाय बमोजिम रहेको छ ।

- श्रम तथा रोजगार सम्बन्धि दिर्घकालिन राष्ट्रिय सोच, लक्ष्य प्राप्तिका लागि तहगत सरकारबाट तर्जुमा गरिएका कार्यक्रम बिच सामजस्यता कायम गर्न।
- गाउँपालिका भित्र मर्यादित रोजगारीको लागि उद्यमशिलताको विकास र आन्तरीक रोजगारी प्रवर्द्धन गर्न ।
- श्रोत र साधनलाई रोजगारीमा केन्द्रित गर्न ।
- उत्पादनशील र दिगो रोजगारीमा पहल गर्न ।
- न्यूनतम रोजगारी मार्फत पूर्वाधार विकास र उत्पादनशील रोजगारीमा धेरै नागरिकलाई सहभागिता गराउन ।
- वैदेशिक रोजगारमा जान चाहनेलाई आवश्यकताका आधारमा सिपमूलक तालिम संचालन गर्न।

## ३.अध्ययनको पद्धतीः-

स्थानीय तहको रोजगार रणनीतिका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क संकलन गर्न स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धि मार्गदर्शन, २०८० ले निर्धारण गरेका अनुसूचि २ र ३ मा रहेका प्रश्नावलीहरुलाई प्रत्येक वडामा गई सरोकारवाला तथा सर्वसाधारण व्यक्तिसँग अन्तरक्रिया गरी प्राथमिक सूचना संकलन गरिएको छ।त्यसै गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कानूनी तथा नीतिगत व्यवस्था, प्रधानमन्त्री रोजगार कार्यक्रमका राम्रा पक्ष र उपलब्धि, वैदेशिक

रोजगार विभाग, वैदेशिक रोजगार सचिवालय लगाएतका निकायबाट प्राप्त जानकारीलाई आधार बनाएर रणनीतिक योजना तयार गरिएको छ ।

### ४.क्षेत्रः-

रघुगंगा गाउँपालिकाको रोजगार रणनीतिले आन्तरीक रोजगारीको अवस्था, सीप विकास र भौतिक रुपमा मठमन्दिर, पाटी, बाटो, सडकमा नाला अथवा सडकमा ग्राभिलिङ र तालिम तथा वैदेशिक रोजगार सम्बन्धि क्षेत्रको व्यवस्थित र तथ्यपरक अध्ययनसँग सम्बन्ध राख्दछ । यस रोजगार रणनीतिका क्षेत्रहरु देहाय बमोजिम रहेका छन् ।

- आन्तरीक रोजगारीमा सिर्जना हुने समस्या, चुनौती तथा समाधानका उपाय
- प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यान्वयनमा देखापरेका समस्या चूनौती तथा समाधानका उपाय
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजि तथा प्रवर्द्धन
- वैदेशिक रोजगारी सम्बन्धि सूचना प्रवाह,परामर्श तथा सहजिकरण
- सिपयुक्त जनशक्ति तयार गर्न सिप विकास तालिम

### ५. सिमाः-

रघुगंगा गाउँपालिकाको ८ वटै वडा भित्र रहेर स्थानीय तहको रोजगार रणनिती तयार गरिएको छ । यसमा रघुगंगा गाउँपालिकाको सामाजिक, आर्थिक, जनसंख्याको बनौट, उत्पादनशील क्षेत्रको अवस्था, रोजगारीको सृजना हुन सक्ने क्षेत्र, सीपयुक्त जनशक्ति तयार सम्बन्धि सिमा रहेका छन् ।

## खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

स्थानीय तहको रोजगार रणनीतिक योजना तयार गर्दा देहायका विषयमा विश्लेषण गरिएको छ ।

**२.१ जनसंख्या र रोजगारीको अवस्था (जनगणना २०७८ अनुसार):-** आठ वटा वडा रहेको यस रघुगंगा गाउँपालिका मा वडा नं. १ मा महिला ७०२ र पुरुष ६५८, वडा नं. २ मा महिला १५७१ र पुरुष १३७२, वडा नं. ३ मा महिला २०४५ र पुरुष १७९५, वडा नं. ४ मा महिला ४८९ र पुरुष ४९४, वडा नं. ५ मा महिला ६१४ र पुरुष ५२३, वडा नं. ६ मा महिला ९३७ र पुरुष ९०९, वडा नं. ७ मा महिला ६११ र पुरुष ६०४,वडा नं. ८ मा महिला ३७८ र पुरुष ४१२ गरी जम्मा १४,११४ जनसंख्या रहेको छ । जसमा पुरुषको भन्दा महिलाको संख्या केहि बढी देखिन्छ। भौगोलिक धरातल अनुसार विकटता भएको यस रघुगंगा गाउँपालिका मा काम काज गर्न र सामाजिक

सहकार्य गर्न असहज भएको छ । सामान्य जनघनत्व भएको ठाउँ भएता पनि यहाँ प्रयाप्त मात्रामा सबै प्रकारका खेती पाती हुने ठाउँको अभाव देखिन्छ ।

<u>२.२ जनसंख्या, उत्पादन र भुबनोटका आधारमा रघुगंगा गाउँपालिकाः-</u> उत्पादन शिल जमिनमा प्राय बसोबास भएको देखिने यस पालिकामा तल्लो अर्थात २ र ३ मा धान,मकै,गहु, फापर जस्ता खाद्ये बालीको उत्पादन हुन्छ भने पालिकाको ५ वडा का केहि ठाउँमा धान खेती भएको पाइन्छ त्यस्तै अन्य वडाका भुमिमा मुख्य तय आलु, गहुँ, जौ, मकै, फापर जस्ता खेती हुने गरेको छ । आकाशे पानीमा भर पर्ने खेती पातीमा यहाँका अधिकांश जनशक्ति खर्चिएको छ । यस क्षेत्रमा हाईड्रोपावर र सहकारी लाई आन्तरीक रोजगारीको मुख्य स्रोत मानिएको छ ।

यस पालिकामा हाईड्रोपावर, सहकारी, ब्लक उद्योग र कृषी तथा पशुपालन क्षेत्रमा रोजगारी दिन सकिने अवस्था छ ।

<u>२.३ रोजगारीको अवस्थाः-</u>

स्वरोजगार लाई खासै रोजगारीमा नगन्ने प्रवृती भएको यस पालिकामा प्रायजसो स्वरोजगार अर्थात कृषीवालीमा नै व्यस्त रहेको देखिन्छ।यस पालिकामा अधिकांश जनशक्ति वैदेशिक रोजगारीमा नै पलायन भएको छ।यहाँ धेरै जसो व्यक्तिहरु वैदेशिक रोजगारमा रहेका छन्।यहाँ प्राय वृद्ध र बालबालिका मात्र देखिन्छन् । रोजगारीको शिलशिलामा यस पालिकाका जनशक्तिले पहिलो प्राथिमकता वैदेशिक रोजगारलाई दिएको छ भने आन्तरीक रोजगारमा हाईड्रोपावरलाई त्यस पछि सहकारी लाई रोजिएको छ। यहाँ अन्य कुनै ठुला प्रकारका उद्योग सञ्चानमा रहेका छैनन ।

<u>२.४ स्थानीय तहमा रहेका रोजगार दाताको विवरणः-</u>

यस पालिकाको ३,४,७ र ८वडामा हाईड्रोपावर संचालनमा रहेको हुँदा यस स्थानको बासिन्दाहरु केहि मात्रामा भए पनि हाईड्रोपावरमा रोजगारी पाएको अवस्था छ।यस क्षेत्रमा रोजगारीको अवसर अझै बढाउदै लैजाने निति अवलम्वन गरीएको छ । यस पालिकाका ८ वटै वडा मा सहकारीको स्थापना भएको छ जुनमा २/४ जनाको दरले भएपनि रोजगारी पाएको अवस्था छ ।

<u>२.५ रोजगारीमा संलग्न भएका व्यक्तिको विवरणः-</u>

हाईड्रोपावर तथा सहकारी लाई मुख्य रोजगारीको क्षेत्र मानिएकोमा यहाँ हाईड्रोपावरमा १७० जना भन्दा बढी र सहकारी मा २० जना भन्दा बढीले रोजगार पाएको अवस्था छ।यस पालिकामा आन्तरीक

रोजगारी प्रवर्धन गर्न अन्य क्षेत्रमा पनि अग्रसर हुनुपर्ने देखिन्छ । स्वरोजगार भएको व्यक्तिको संख्या बढ्दो क्रममा रहेको छ ।

## २.६ स्वरोजगारका लागि नयाँ उद्योग तथा प्रतिष्ठान खोल्ने अवस्था

साना कृषिमा आधारीत उद्योग हुन सक्ने ।

## २.७ उद्योग प्रतिष्ठानमा संलग्न हुने रोजगारीको प्रकृती

## २.८ उद्योग प्रतिष्ठानहरुमा संलग्न हुने जनशक्तिका लागि आवश्यक पर्ने सिप तथा क्षमताको विश्लेषण

क्षमता विकास तालिममा संलग्न गराई सोही क्षमता अनुसार कार्य गराउने ।

## २.९ वैदेशिक रोजगारीमा भएका व्यक्तिहरुको संख्या र प्रकृती

- वि सं २०७८ सम्मको म्याग्दी जिल्लाबाट वैदेशिक रोजगारमा रहेका कामदार संख्या१० हजार ७ सय ६६ जना रहेको छ । जसमा रघुगंगा गाउँपालिका २१७२ जना वैदेशिक रोजगारमा रहेको थिए । रघुगंगा गाउँपालिका मा वर्षेनी बेरोजगार नागरिकहरु जिवनयापन गर्न तथा आधारभूत आवश्यकता पूर्ति गर्न भारतमा केही मात्रमा पुरुष रोजगारीमा गएका छन् । भने भारत बाहेक अरु देशमा रोजगारीमा गएका व्यक्तीको विवरण :-

| वडा नं. | वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको संख्या | प्रकृती |
|---|---|---|
| १ | ३०० | लेवर |
| २ | ४०० | लेवर |
| ३ | ४११ | लेवर |
| ४ | ३०० | लेवर |
| ५ | १०५ | लेवर |
| ६ | ३०० | लेवर |
| ७ | २५६ | लेवर |
| ८ | १०० | लेवर |
| जम्मा | २,१७२ | |

## २.१० वैदेशिक रोजगारमा जाने व्यक्तिको लागि उपलब्ध सेवा सुविधाको विश्लेषण

- वैदेशिक रोजगारलाई सुरक्षित,मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजिकरण तथा परामर्श गर्ने व्यवस्था रहेको छ ।
- वैदेशिक रोजगार सम्बन्धि अभिमूखिकरण, सूचना प्रवाह र प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गर्ने ।
- वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्विकृती र पुनः श्रम स्विकृतीमा सहजिकरण गर्ने ।
- वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, वित्तिय साक्षरता, पुनस्थापना र पुनःएकीकरण सम्बन्धी कार्यक्रमको संचालनमा समन्वय र सहजिकरण ।

## २.११ स्थानीय तहमा श्रम तथा रोजगारीका क्षेत्रमा भएका चुनौती र निराकरणको अवस्था

### चूनौती

- बेरोजगार युवाहरुलाई श्रम प्रतिको धारणामा रुपान्तरण गर्न नसक्नु ।
- विकासका पूर्वाधारमा पनि आवश्यक श्रोत साधन अभावले ।
- बेरोजगार यूवाहरुले उत्पादनशिल रोजगारी अन्तर्गत कृषी तथा पशुपालनमा भविष्य नदेख्नु।
- सिपलाई रोजगारीमा रुपान्तरण नगर्नु ।
- बढ्दो बेरोजगारीलाई न्यूनीकरण नगर्नु ।
- श्रोत साधनमा एकीकृत उपयोग नहुनु ।
- मागमा आधारीत रोजगारीको व्यवस्थापन गर्न नसकिनु ।
- न्युन बजेटमा अपेक्षा धेरै हुनु ।

### निराकरण

- रोजगारीको हकलाई पूर्णरुपमा कार्यान्वयन गर्न संघीय सरकारबाट प्रयाप्त कानून नीति नियम बनेका छन् ।
- श्रमको सम्मान राष्ट्रको अभियानका विभिन्न कार्यक्रम भएका छन् ।
- संघ र स्थानीय तहले रोजगारी सिर्जना हुने गरी बजेट व्यवस्थापन गर्ने गरेका छन् ।
- लघुउद्यम विकास कार्यक्रम मार्फत पनि स्वरोजगार गराउने गतिविधि रहेका छन् ।
- सीपयुक्त जनशक्तिलाई रोजगारीमा आबद्ध गर्न काममा आधारित तालिम संचालन हुने गरेका छन् ।

## २.१२ स्थानीय तहमा रोजगार रणनीतिको कार्यान्वयन पश्चात हुने अवसर र उपलब्धि

**अवसर**

- गाउँ भित्र आर्थिक गतिविधि बढ्न गई युवाहरुलाई उद्योग व्यवसाय गर्ने वातावरण
- परिणात्मक र गुणात्मक रोजगारी सिर्जना
- आन्तरिक रोजगारीमा विश्वासिलो दिगो माग र आपूर्ति प्रणालीको विकास
- न्यूनतम रोजगारीमा रहेका चूनौतीलाई दिगो रोजगारीका अवसरमा रुपान्तरणको अवसर
- युवालाई कृषी, पशुपालन, जडिबुटीमा अवसर प्रदान गर्न

**उपलब्धि**

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूती भएको हुने ।
- सिपयुक्त जनशक्तिलाई उत्पादनशिल क्षेत्रमा रोजगारी पाएको हुनेछ ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित भएको हुने छ ।
- संघीय श्रम तथा रोजगार नीति उपलब्धि, मूलक भएको हुनेछ ।
- बेरोजगार युवाहरु आय आर्जनमा केन्द्रित भएका हुनेछन् ।
- रोजगारीको माग र आपूर्तिको ढाँचा तयार भई कार्यान्वयन भएको हुनेछ ।
- आन्तरिक रोजगारीका अवसर सिर्जना भएको हुनेछ ।
- दिगो र उत्पादनशिल रोजगारीका क्षेत्रमा पूर्वाधार निर्माण भएको हुनेछ ।
- दिगो रोजगारीका लागि उद्यमशिलताको नयाँ क्षेत्र पहिचान भई वार्षिक दिगो रोजगारीमा संलग्न हुने संख्यामा बढेको हुनेछ ।
- तीन तहको रोजगारीका कार्यक्रमलाई एकीकृत गराउन सहयोग पुग्ने छ ।
- स्थानीय तहको श्रोत साधनको प्रयोग भई बार्षिक न्यूनतम रोजगारीका क्षेत्रमा सूचिकृत बेरोजगारीको संख्यामा हाल करिव १० प्रतिशत ले मात्र रोजगारी पाएको बाट ५० प्रतिशत सम्मलाई रोजगारी पाएको सुनिश्चित हुनेछ ।

# खण्डः-३ रणनैतिक विश्लेषण (Strategic Analysis)

यस गाउँपालिका भित्र रोजगारीका क्षेत्र र अवसर पहिचान, स्रोत साधनको अधिक प्रयोग गरी बढ्दो बेरोजगारी र गरिबीलाई न्यूनीकरण गर्न संघीय सरकार, प्रदेश र स्थानीय सरकारले विभिन्न कार्यक्रम कार्यान्वयन भएका तर उपलब्धि मूलक नभएको अवस्था रहेको छ । संघीय सरकारको रोजगार नितीलाई आत्मसाथ गरी तीन वटै तहबाट प्राप्त स्रोत साधनहरुमा

जनशक्तिलाई उत्पादनशिल रोजगार मार्फत नागरिकको जिवनस्तरमा सकारात्मक प्रभाव पार्न, आन्तरिक रोजगारीमा संलग्न हुन चाहने नागरिकको उच्च सम्मान गर्न, सिपयुक्त जनशक्तिलाई श्रममा आवद्ध गर्न स्थानीय तहको श्रोत साधनलाई रोजगारीका क्षेत्रमा उपयोग गरी बेरोजगार नागरिकलाई गाउँमै बस्ने वातावरण तय गर्न रणनीति योजनाले मार्ग निर्देशन गर्ने अपेक्षा छ।

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्नु ।
- सिपयुक्त जनशक्तिलाई उत्पादनशिल क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघिय श्रम तथा रोजगार नितीलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगार युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारीको माग र आपूर्तीको ढाँचा तयार गर्नु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धि मुलक बनाउन परामर्श सेवा सञ्चालन गर्नु ।

## खण्ड-४ रणनैतिक सवालहरु (Strategic Issues)

गाउँपालिका भित्र रोजगारीको अवसर सिर्जना गरी उपलब्ध अवसरहरुमा लक्षित वर्गको पँहुच अभिवृद्धि गरी रोजगारीको हक सुनिश्चित गर्न संघीय सरकार, प्रदेश र स्थानीय तहले पनि आवश्यकता अनुसार विभिन्न कार्यक्रम संचालित हुँदा पनि रोजगारीको सुनिश्चित गर्न सकिएको छैन। रोजगारीको हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई हक कार्यान्वयनमा प्रभावकारी बनाउन स्थानीय तहको अपनत्व लिन र रोजगार कार्यक्रमलाई उपलब्धि मूलक बनाउन, आन्तरिक रोजगारी सिर्जनामा एकिकृत स्रोत साधन परिचालन गर्न, आन्तरिक रोजगारीका अवसरमा वृद्धि, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, दिगो रोजगारीका क्षेत्र पहिचान गर्न, उद्यमशीलता विकास मार्फत जिवनस्तरमा सुधार ल्याउनु रणनैतिक सवाल रहेका छन् ।

## खण्ड-५ दूरदृष्टि, लक्ष्य र उद्देश्य (Long-term Vision, Mission and Objectives)

**सोचः-** "समृद्ध रघुगंगा- सुखी समुदाय, विकसित कृषि तथा पशुपालन, पर्यटन र विकासका पूर्वाधारमा रोजगार" रणनीतिक योजनाको दिर्घकालिन सोच हुने छ ।

**लक्ष्य :-** सुचिकृत बेरोजगारलाई रोजगारीको प्रत्याभूति मार्फत सामाजिक र आर्थिक अवस्थामा सुधार ल्याउनु रहेको छ ।

**उद्देश्यः-** गाउँपालिकाको रोजगार रणनिती तर्जुमा भई कार्यान्वयन पश्चात स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुर्याउदै गाउँपालिकाले देहायका नतिजा प्राप्त गर्न सक्षम हुनेछन् ।

१. विकासका पूर्वाधारमा, कृषी उत्पादन, जडिबुटी तथा वन पैदावरको संकलन, प्रशोधन बजारीकरण, उद्यमशिलताको प्रवर्द्धन, पशुपालन, माछा पालन, तरकारी, फलफुल खेती मार्फत न्यूनतम रोजगारी देखि दिगो र उत्पादनशिल रोजगारीको सुनिश्चित गर्नु ।
२. बजारको आवश्यकता र मागका आधारमा सीपको पहिचान र उत्पादन गर्न सिपयुक्त जनशक्तिको उपयोग गर्नु ।
३. वैदेशिक रोजगारमा जान इच्छुक युवाहरुलाई आवश्यक पर्ने सिप, अभिमुखीकरण, परामर्श दिई दक्ष, प्रतिस्पर्धी, सुरक्षित, मर्यादित र उपलब्धिमुलक बनाउनु तथा फर्किएका व्यक्तिले हासिल गरेका अनुभव र ज्ञानलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
४. रोजगारमुलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउनु ।

## खण्डः-६ रणनैतिक लक्ष्यहरु (Strategic Goals)

- बेरोजगार नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सिपयुक्त नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु ।
- सिपयुक्त जनशक्तिलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु ।
- श्रोत साधनलाई एकिकृत गरी रोजगारीमा केन्द्रित गर्नु ।
- संघिय श्रम तथा रोजगार नीतिलाई उपलब्धिमूलक बनाउनु ।
- बेरोजगारी युवाहरुलाई आय आर्जनमा केन्द्रित गराउनु ।
- रोजगारको माग र आपूर्तीको ढाँचा तयार गर्नु ।
- लघु उद्यम विकासलाई स्वरोजगारमा केन्द्रित गराउनु ।
- वैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक बनाउन परामर्श सेवा संचालन गर्नु ।

- कृषी वनपैदावरमा विशेष जोड दिनु
- उद्योग, तरकारी, फलफूल खेती, मसाला बाली, जडिबुटी तथा दलहन बाली मार्फत दिगो रोजगारलाई सुनिश्चित गर्नु ।

## खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीति तथा कार्यनीतिहरु ( Major Staregic)

### ७.१ रणनीतिक स्तम्भ

रणनीतिक योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न अनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ । रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको प्रत्येक रणनीतिक स्तम्भ अन्तरर्गत रणनीति र कार्यनीतिहरु तय गरिएको छ ।

स्तम्भः- १. आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने ।

स्तम्भः- २. बेरोजगारलाई रोजगारयुक्त सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति उपलब्ध गर्ने ।

स्तम्भः- ३. वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तीको अनुभवलाई उपयोग गर्ने ।

स्तम्भः- ४. रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री बनाउने ।

### ७.२ रणनिति तथा कार्यनीती

| रणनीतिक स्तम्भः- १<br>आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने । | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमीकलाई आवश्यक पर्ने सीप सिकाउने र प्रयोग गर्ने । | १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला,सीप,तरिका,विधि सम्बन्धमा आवश्यक परामर्श र सिप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइने छ । |
| १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने । | १.२.१ उत्पादन हुने खाद्यान्न बाली, मसाला बाली, तरकारी पकेट,फलफूल खेती क्षेत्रको जमिनको छनौट, परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने र पशूपालन र माछा पालनका सम्बन्धमा सम्भावित अध्ययन गरी गाउँ भित्र रोजगारीका अवसरको खोजी गरिने छ । |

| | |
|---|---|
| रणनीतिक स्तम्भः- २<br>**बेरोजगार लाई सिप,रोजगारदातालाई सीपयुक्त जनशक्ति** | |
| २.१ जीवन उपयोगी सीप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने । | २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जिवनमा लागू गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरिने छ । |
| २.२ युवाहरुलाई सिप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने । | २.२.१ रोजगारमा संलग्न व्यक्तिको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारीत तालिम दिइ दक्ष बनाउने । |
| २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | २.३.१ गाउँपालिका भित्रका नीजि क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल, व्यवसायी, सहकारी, निर्माण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राखिने । |
| रणनीतिक स्तम्भ :-३<br>**वैदेशिक रोजगारीलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग** | |
| ३.१ वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | ३.१.१ वैदेशिक रोजगारीमा जान चाहने इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सीपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिने छ । |
| ३.२ वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सीप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | ३.२.१ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सिप ज्ञान प्रविधीलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सीपका नयाँ क्षेत्रको खोजि गरि सदुपयोग गर्ने । |
| रणनीतिक स्तम्भः-४<br>**रोजगारमुलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | |
| ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने । | ४.१.१ सीप विकास,सहुलियता पूर्ण कर्जा, वित्तिय साक्षरता, उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेख राखिने छ । |

| | |
|---|---|
| | ४.१.२ संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानुनी व्यवस्थाहरु प्रभावकारीरुपमा कार्यान्वयन गर्ने र रोजगार मैत्री बनाउने । |

७.३ समन्वय तथा सहकार्य

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकाय, प्रदेश तथा रघुगंगा गाउँपालिकाका सरोकारवाला निकाय, निजि क्षेत्र, सहकारी क्षेत्र नागरिक समाज, समाज सेवी, निर्माण व्यवसायी, उद्योग व्यवसायी लगायतका आमसरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गरिने छ ।

# खण्ड — ८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action plan for five years)

रघुगंगा गाउँपालिकाको रोजगार रणनीतिक कार्यान्वयन कार्ययोजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्तम्भ नं. १**<br>**आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार गर्ने** | | | | | | |
| रणनीति १.१ विकासका पूर्वाधारको मर्मत तथा निर्माण कार्यमा श्रमिकलाई आवश्यक पर्ने सिप सिकाउने र प्रयोग गर्ने | | | | | | |
| कार्यनीति १.१.१ रोजगार आयोजनामा खटाउनु अगाडी श्रमिकलाई आवश्यक पर्ने कला, सीप, तरीका, विधि, सम्बन्धमा आवश्यक परामर्श र सिप सिकाएर मात्र न्यूनतम रोजगारीमा खटाइने छ । | | | | | | |
| **क्र.सं** | **क्रियाकलाप वा कार्यक्रम** | **जिम्मेवारी निकाय/शाखा** | **सहयोगी निकाय/शाखा** | **समयावधि** | **कार्यसम्पादन सूचक** | **जोखिम** |
| १.१.१.१. | रोजगार आयोजनाको छनौट र कार्यान्वयन | रोजगार सेवा केन्द्र (रो.से.के) | प्राविधिक शाखा योजना शाखा | प्रत्येक वर्ष | आयोजना छनौट भएको | |
| १.१.१.२ | रोजगार आयोजनाको प्रकृति र श्रमिकको क्षमता हेरेर परामर्श र सिप सिकाउने । | रो.से.के प्राविधिक शाखा | योजना शाखा लघु उद्यम शाखा | बढीमा ६० दिन | मर्यादित कामको गुणस्तर देखिने | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनिति १.२ दिगो र उत्पादनशील रोजगारीको अवसरको विस्तार गर्न स्थानीय श्रोत साधनलाई प्रयोग गर्ने | | | | | | |
| कार्यनिति १.२.१ उत्पादन हुने खाद्यान्न बाली , मसाला बाली,तरकारी पकेट क्षेत्रको जमिनको परीक्षण गरी उत्पादनशील रोजगारीको ढाँचा तयार गर्ने । | | | | | | |
| १.२.१.१ | सम्भावित उत्पादन हुने खेतीको र जमिनको छनौट गर्ने | रोसेके | कृषि शाखा | ३० दिन | जमिनको छनौट भएको | |
| १.२.१.२ | उत्पादनशिल रोजगारीको ढाँचाका लागि जमिन मालिक र श्रमिक बिच सहयोगात्मक भावना विकास गर्न छलफल अन्तरक्रिया गर्ने । | रोसेके | कृषि शाखा श्रमिक समुह | १५ दिन | जमिनकर्ता र श्रमिक बिच समझदारी कायम भएको | |
| १.२.१.३ | खाली भएका जमिनमा तत्काल उत्पादन गर्न नसकिने स्थानको पहिचान गरी फलफुल, जडीबुडी खेतीको पहल गर्ने । | रो.से.के | कृषि शाखा,श्रमिक समुह | ३० दिन | उत्पादन हुने फलफुल खेतीको छनौट । | |
| १.२.१.४ | १०० दिन भित्र उत्पादन भएका बस्तुको बजारीकरणका लागि रुपरेखा तयार गर्ने । | रो.से.के | कृषि शाखा, श्रमिक समुह बजारव्यवस्था पन | ३० दिन | उत्पादन भएका वस्तु बजारमा गएको हुने छ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.२.१.५ | सूचिकृत बेरोजगारलाई पशुपालन, माछा पालन सेवामा आवद्ध हुने वातावरण तयार गर्न आवश्यक पहल गर्ने | रोसेके पशुशाखा | कृषि शाखा,श्रमिक समुह बजारव्यवस्थपक | ६० दिन | दुध र मासुको व्यापार भएको हुने छ। | |
| **स्तम्भ नं २**<br>**बेरोजगारलाई सीप, रोजगारदातालाई सीपयुक्त जनशक्ति** | | | | | | |
| रणनिती २.१ जिवन उपयोगी सिप मार्फत बेरोजगार युवालाई रोजगार वा स्वरोजगारमा संलग्न हुन उत्प्रेरित गर्ने | | | | | | |
| कार्यनिती २.१.१ लघु उद्यमशिल सीपलाई व्यवहारिक जीवनमा लागू गर्न सक्ने गरी बेरोजगार नागरिकलाई प्रोत्साहन गरीने छ । | | | | | | |
| २.१.१.१ | स्थानीय श्रोत साधनको प्रयोग गरी उद्यमशिलका कार्यक्रम संचालन गर्ने | रोसेके | सरोकार वाला सबै | ५० दिन | उद्यमशिल तालिम प्राप्त संख्या तयार | |
| २.१.१.२ | उद्यमशिलताका उत्पादित वस्तुको बजारीकरण गर्ने | रोसेके | सरोकारवाला सबै | ६ महिना | आय श्रोत बढेको | |
| रणनीति २.२ युवाहरुलाई सिप सिकाउन तालिम प्रदायक निकायसँग समन्वय गर्ने र कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनिती २.२.१ रोजगारमा संलग्न व्यक्तीको क्षमता र आवश्यकता अनुसार कार्यस्थलमा आधारित तालिम दिई दक्ष बनाउने । | | | | | | |
| २.२.१.१ | रोजगारका आयोजनामा संलग्न श्रमिकको अनुभव र सिपलाई अभिलेख राख्ने | रोसेके | तालिम प्रदायक निकाय | ६० दिन | सिप र अनुभव अभिलेखबाट संख्या निर्धारण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रणनीति २.३ रोजगारदातालाई सम्मान तथा रोजगारीको आँकलन गर्ने । | | | | | | |
| कार्यनिती २.३.१ गाउँपालिका भित्रका निजी क्षेत्रका उद्योग व्यवसायी, ठेकेदार, होटल व्यवसायी, सहकारी, निमार्ण व्यवसायी तथा अन्य रोजगारदाताको विवरणको अभिलेख राख्ने । | | | | | | |
| २.३.१.१ | बेरोजगार युवाहरुलाई न्यूनतम पारिश्रमिक दिई रोजगारदाता र श्रमिकको अभिलेख राख्ने र रोजगारदातामा सिर्जना हुन सक्ने रोजगार सम्बन्धि सूचनाको आँकलन गर्ने । | रोसेके | सरोकारवाला सबै | ३० दिन | रोजगारदाता को विवरण प्राप्त | |
| २.३.१.२ | रोजगार सेवा केन्द्रबाट श्रमिक माग गरी कम्तिमा १०० दिनको रोजगारदातालाई वर्षको एक पटक पुरस्कार सहित सम्मान गर्ने । श्रमिक र सीपको अभिलेख तयार गर्ने । | रोसेके | सरोकारवाला सबै | १ दिन | सम्मान कार्यक्रम भएको हुने र श्रमिक र सीपको विवरण प्राप्त | |
| **स्तम्भ नं. ३**<br>**वैदेशिक रोजगारलाई उपलब्धिमूलक र फर्केका व्यक्तिको अनुभवलाई उपयोग ।** | | | | | | |
| रणनिती ३.१ वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने । | | | | | | |
| कार्यनीति ३.१.१ वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिलाई आवश्यक पर्ने सिपको आँकलन गरी छोटो अवधिका सिप सिकाउनका लागि पहल गरिने छ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१.१.१ | सिपको आधार तयार गरी वैदेशिक रोजगारमा जाने व्यक्तिलाई विदेशमा आउन सक्ने समस्यालाई समाधान गर्न सक्ने बनाउने | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकाय | १५ दिन | वैदेशिक रोजगारीमा प्रतिस्पर्धी भएर सफल भएको | |
| ३.१.१.२ | वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई परामर्श र अभिमुखीकरण गर्ने । | रोसेके | शिक्षा शाखा, तालिम प्रदायक निकाय | ७ दिन | देश र पेशाका बारेमा जानकार भएको | |
| रणनिति ३.२ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सिप ज्ञान प्रविधिको सदुपयोग गर्ने । | | | | | | |
| कार्यनिति ३.२.१ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले प्राप्त गरेको अनुभव सिप ज्ञान प्रविधिलाई अभिलेखिकरण गरी उत्पादनशील रोजगार तथा सिपका नयाँ क्षेत्रको खोजी गर्ने र सदुपयोग गर्ने । | | | | | | |
| ३.२.१.१ | वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विवरण तयार गरि अद्यावधिक गर्ने । | रोसेके | लघु उद्यम शाखा | प्रत्येक वर्ष | वैदेशिक रोजगारीबाट फर्केका विवरण खोजिनिति गर्ने । | |
| **स्तम्भ नं. ४ रोजगार मुलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री** | | | | | | |
| रणनीति ४.१ रोजगारमूलक सेवाको अभिलेख र प्रभावकारी कार्यान्वयन गर्ने | | | | | | |
| कार्यनीति ४.१.२ सीप विकास,सहुलियतापूर्ण कर्जा,वित्तिय साक्षरता,उद्यमशिलता, परामर्श सेवा तथा सुविधाको पहिचान र एकिकृत अभिलेखलाई रोजगारमैत्री बनाइने छ । | | | | | | |
| ४.१.२.१ | रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार | रोसेके | निजि क्षेत्र | प्रत्येक वर्ष | एकिकृत सेवा पाएका हुने छन् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यक्तिलाई रोजगार तथा स्वरोजगार हुन आवश्यक पर्ने सेवा उपलब्ध गराउने | | | | | |
| ४.१.२.२ | संघ प्रदेशका श्रम तथा रोजगार सम्बन्धि नीतिगत र कानुनी व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन गर्ने र रोजगारमैत्री बनाउने । | रोसेके | सरोकारवाला निकाय सबै | प्रत्येक वर्ष | श्रोत साधनलाई रोजगारमा केन्द्रित भएको | |

## नतिजा खाका

| क्र सं | नतिजा सूचक | इकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| १ | न्यूनतम रोजगारीमा संलग्न व्यक्ति | जना | ७९ | ११० | १५० | २०० | २८० | ३५० |
| २ | पूर्वाधार विकासमा संलग्न तर्फ | जना | १९२ | २०० | २८० | ३०० | ३१० | ३५० |
| ३ | उत्पादनशिल रोजगारीमा संलग्न तर्फ | जना | ० | ५० | ७० | १०० | १५० | २०० |
| ४ | रोजगार आयोजनामा सिप पाएको जनशक्ति संलग्न | जना | ० | १०० | २०० | ३०० | ४०० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | उत्पादनशिल र दिगो रोजगारी स्थान छनौट कृषी तर्फ | ठाउँ | ० | ३ | ५ | ७ | ८ | १० |
| ६ | न्यूनतम रोजगारमा आवद्ध हुने श्रमीकलाई परामर्श सिप विकासका पूर्वाधार तर्फ | जना | ० | १०० | १८० | २०० | २१० | २२० |
| ७ | उत्पादित तरकारी तर्फ न्यूनतम रोजगारीमा संलग्नलाई सिप | जना | ० | ५० | १०० | १५० | २०० | २५० |
| ८ | मसला बाली तर्फकोमा रोजगारी | जना | ० | १० | २० | ३० | ४० | ५० |
| ९ | जडिबुटी तर्फ रोजगारी | जना | ० | १० | २० | २५ | ३० | ३५ |
| १० | पशुपालन तर्फ रोजगारी | जना | ० | २० | ३० | ४० | ५० | ६० |
| ११ | उत्पादनशील रोजगार श्रमिक समुह गठन कृषी तर्फ | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |
| १२ | उत्पादनशील रोजगार श्रमिक समुह | वटा | ० | ३ | ४ | ५ | ६ | ७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गठन<br>पशुपालन तर्फ | | | | | | | |
| १३ | रोजगारदाता विवरण | संख्या | ० | २० | ३० | ४० | ५० | ६० |
| १४ | उद्यमशिलता विकास तर्फ तालिम पाउने संख्या | संख्या | ५११ | ५३० | ५८० | ६०० | ६५० | ७०० |
| १५ | कार्यस्थलमा आधारीत तालिम पाउने संख्या | जना | ० | ४० | ६० | ८० | १०० | २०० |
| १६ | रोजगारदाताको सम्मान | जना | ० | ५ | १० | १५ | २० | २५ |
| १७ | वैदेशिक रोजगारमा आवश्कय पर्ने सिपको पहिचान र छोटो अवधिको सिप सिकाउन | जना | ० | ५० | १३० | १८० | २० | २५० |
| १८ | वैदेशिक परामर्श र अभिमूखीकरण | पटक | ० | ३ | ४ | ५ | ६ | ८ |
| १९ | वैदेशिक रोजगारीमा गएको विवरण | जना | २१७२ | २३०० | २५०० | २८०० | २८५० | ३००० |
| २० | वैदेशिक रोजगारीबाट फर्केकाको संकलन विवरण | जना | ६०० | ७०० | ८०० | ९०० | १००० | ११०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | सहुलियतपूर्ण कर्जा लिने संख्या | जना | ० | ३०० | ४०० | ५०० | ६०० | ७०० |
| २२ | वित्तिय साक्षरता | जना | १० | २० | ४० | ८० | १२० | २४० |
| २३ | उद्यमशिलता | जना | ३० | ५० | ६० | ७० | ८० | १०० |
| २४ | स्वरोजगार तर्फ | जना | २० | ३० | ४० | ५० | ६० | ७० |

## खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन ( Resource Mobilizations And Budget Management)

रघुगंगा गाउँपालिकाको वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा गर्दा रणनितिक योजनामा आधारित भई तर्जुमा गरिनेछ। रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोतसाधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिने छ । आवश्यकता अनुसार विकास साझेदारसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिने छ । रणनितीक योजनाको स्तम्भ अनुसार अनुमानित श्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ ।

| रणनीतिक स्तम्भ | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| स्तम्भ नं.-१ आन्तरिक रोजगारी सिर्जना हुने क्षेत्रको विस्तार | ४० लाख | ५० लाख | ६० लाख | ७० लाख | ८० लाख |
| स्तम्भ नं. - २ बेरोजगारलाई सिप,रोजगारदातालाई सिपयुक्त जनशक्ति | २० लाख | ३० लाख | ४० लाख | ५० लाख | ६० लाख |
| स्तम्भ नं. ३ वैदेशिक रोजगारलाई उपलब्धिमुलक र | २५ लाख | ३० लाख | ४० लाख | ७० लाख | ८० लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| फर्केका व्यक्तिको अनुभवलाई उपयोग | | | | | |
| स्तम्भ नं. ४ रोजगारमूलक सेवालाई उपलब्धिमूलक र रोजगारमैत्री | ४० लाख | ५० लाख | ७० लाख | ९०लाख | १ करोड |

## खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्याङ्कन सम्बन्धि व्यवस्था (Steering Committee Monitoring and Evaluation)

### १०.१ रणनीति कार्यान्वयन निर्देशक समितिः-

यस रघुगंगा गाउँपालिकाको ५ वर्षे रोजगार रणनीति योजनालाई आवश्यक समन्वय, निर्देशन, अनुगमन, मूल्यांकन गर्न तथा प्रभावकारी रणनीति कार्यान्वयन गर्न स्थानिय तहमा देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहने छ ।

(क) गाउँपालिकाको प्रमुख - अध्यक्ष

(ख) गाउँपालिकाको उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) कृषि शाखा प्रमुख - सदस्य

(ङ) योजना शाखा प्रमुख - सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख - सदस्य

(छ) गाउँपालिकाको प्रमुखले तोकेका वडा अध्यक्ष दुई जना - सदस्य

(ज) रोजगार संयोजक - सदस्य सचिव

रघुगंगा गाउँपालिका भित्र रहेका रोजगारदाताहरु मध्ये बाट पनि आमन्त्रण गर्न सकिने छ ।

१०.२ रणनीति कार्यान्वयन निर्देशक समितिको काम कर्तव्य र अधिकारः-

(क) रणनीतिक उद्देश्य हासिल गर्न तय गरेको कार्ययोजना अनुरुप आवश्यक बजेट बिनियोजनका लागि गाउँसभालाई सिफारिस गर्ने ।

(ख) स्थानीय तहभित्र रहेका रोजगारीका अवसर तथा सम्भावनाहरुको पहिचान गर्ने र कार्यान्वयन गर्ने।

(ग) बेरोजगारको समस्यालाई दिगो वा दिर्घकालिन रुपमा समाधान गर्न रोजगार रणनीति योजनालाई प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।

(घ) रणनीति कार्यान्वयनबाट अपेक्षित उपलब्धि तथा प्रतिफल प्राप्त भए नभएको पटक पटक समिक्षा गर्ने तथा प्रभावकारी बनाउन स्थानिय तहको बजेट निर्माण गर्नु पूर्व वार्षिक समिक्षा तथा मूल्याङ्कन गरी आवश्यक सुझाव गर्ने ।

(च) सरकारी तथा गैह्रसरकारी निकायसँग रोजगारी सिर्जना सम्बन्धि आवश्यक सहकार्य समन्वय गर्ने।

(छ) रणनिति कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।

(ज) निजी क्षेत्रसँगको सहकार्यमा सूचिकृत बेरोजगार श्रमीक माग गर्ने रोजगारदातालाई सम्मान गर्ने।

## खण्डः-१४ जोखिम व्यावस्थापन (Risk Management)

रोजगार रणनीति कार्यान्वयनको क्रममा आउन सक्ने जोखिम पहिचान गरी देहाय बमोजिम उल्लेख गरीएको छ ।

क) स्रोत व्यवस्थापन
ख) सरकारी, गैह्रसरकारी र निजि क्षेत्र बिच प्रभावकारी समन्वय
ग) रोजगारी सम्बन्धि स्थानीय सरकारको अपनत्व
घ) शाखागत समन्वय
ङ) सरोकारवालाहरु निकायको दृष्टिकोण
च) प्रदेश र स्थानीय तहमा समन्वय